परवानीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ०६ मितिः- २०८१/०५/२१ गते


## भाग-२

# शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८१

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१/०५/२१ गते

# शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८१

आर्थिक अभाव तथा सामाजिक कारणहरुले आधारभूत शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा हासिल गर्नबाट बञ्चित हुने जोखिममा रहेका वा नपाएका गरिब, असहाय, वहिष्करणमा परेका तथा जेहेन्दार बालबालिकाहरुलाई आधारभुत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनमा प्रोत्साहन गर्न, बालबालिका तथा युवाहरुको जीवन सुरक्षित गरी स्थानीय सरकारको प्रत्यक्ष उपस्थितिको अनुभुति दिलाइ लोकल्याणकारी राज्यको स्थापना तथा सामाजिक न्याय कायम गर्न वाञ्छनीय भएकाले,

परवानीपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम परवानीपुर गाउँपालिकाको कार्यपालिकाको बैठकबाट यो शैक्षिक छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "शैक्षिक छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१" रहेको छ।

२. यो कार्यविधि तुरुन्त लागू हुनेछ।

## परिच्छेद-२

## परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "परवानीपुर" भन्नाले परवानीपुर गाउँपालिकालाई सम्झनुपर्छ।

ख. "कार्यपालिका" भन्नाले परवानीपुर गाउँकार्यपालिकालाई सम्झनुपर्छ।

ग. "वडा" भन्नाले परवानीपुर गाउँपालिकाका वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

घ. "समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति सम्झनुपर्छ।

ङ. "शैक्षिक छात्रवृत्ति" भन्नाले आर्थिक अभाव वा सामाजिक कारणहरुले आधारभुत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा र प्राविधि तथा व्यावसायिक शिक्षा प्राप्त गर्नबाट वंचित हुने जोखिममा रहेका विद्यार्थीहरु तथा अध्ययनमा मेधावी विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप परवानीपुर गाउँपालिकाबाट प्रदान गरिने शैक्षिक छात्रवृत्तिलाई सम्झनुपर्छ।

च. "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम परवानीपुर गाउँपालिकाबाट उपलब्ध गराइने छात्रवृत्ति प्राप्तिका लागि आवेदन गर्ने विद्यार्थीलाई सम्झनुपर्छ।

छ. "लक्षित समुह" भन्नाले छात्रा, एकल महिला, द्वन्द पिडित, शहिद परिवार, अपाङ्गता, आदिवासी, जनजाति, दलित, वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारको परिवार, भुकम्प वा प्रकोपका कारण विस्थापित तथा प्रभावित र अति विपन्न वर्गका अन्य समुदायको परिवारका सदस्यहरुलाई सम्झनुपर्छ।

ज. "सम्बन्धित विद्यालय वा शैक्षिक संस्था" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिमा अध्यापन गराउने विद्यालय वा शैक्षिक संस्थालाई सम्झनुपर्छ।

## परिच्छेद-३

## शैक्षिक छात्रवृत्ति प्रदान गरिने व्यवस्था

३. **शैक्षिक छात्रवृत्ति प्रदान गरिनेः-** परवानीपुर गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा विभिन्न प्रकारका छात्रवृत्ति शीर्षकमा विनियोजित बजेटबाट निम्नानुसार छात्रवृत्ति प्रदान गर्नेछनः

| क्र.सं. | छात्रवृत्तिको नाम | प्रदान गरिने रकम | कैफियत |
|---|---|---|---|
| १ | छोरी बुहारी छात्रवृत्ति | स्नातक वा स्नातकोत्तर तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनरत र परवानीपुर गाउँपालिका क्षेत्रभित्र अध्यापन नहुने प्राविधिक तथा व्यावसायिक कक्षा तथा तहहरुमा अध्ययनरत छोरी बुहारीहरुलाई प्रति विद्यार्थी अधिकतम रु.१ लाख र साधारण विषयमा स्नातक वा स्नातकोत्तर अध्ययनरत छोरीबुहारीलाई अधिकतम प्रति विद्यार्थी रु.२५ हजार सम्म | आर्थिक वर्षमा विनियोजित बजेटको परिधिभित्र रही समितिले छात्रवृत्ति पाउने छोरी बुहारीको संख्या निर्धारण गर्नेछ। |
| २ | अनाथ बालबालिका छात्रवृत्ति | मा.वि. तह सम्म पाठ्यसामाग्री, कापी, कलम, झोला, विद्यालय पोषाक लगायत आवश्यक सामग्री उपलब्ध गराउने | परवानीपुर गाउँपालिका भित्रका सबै अनाथहरु |
| ३ | विज्ञान शंकाय, प्राविधिक धार विद्यार्थी छात्रवृत्ति | अधिकतम प्रति विद्यार्थी रु.१५ हजार सम्म | आर्थिक वर्षमा विनियोजित बजेटको परिधिभित्र रही परवानीपुर गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थी संख्याको आधारमा समितिले छात्रवृत्ति पाउने विद्यार्थीको संख्या निर्धारण गर्नेछ। |
| ४ | चिकित्सा विज्ञान, इन्जिनियरिङ्ग छात्रवृत्ति | अधिकतम रु.२ लाख सम्म | पालिकाले संख्या निर्धारण गर्नेछ। |

(१) सर्वोत्कृट नतिजा ल्याउने विद्यार्थीहरु बाहेक परवानीपुरले प्रत्येक वर्ष लक्षित समूहका विद्यार्थीहरु मध्ये आर्थिक अभाव वा पछाडी परेको सामाजिक अवस्थाका कारणले आधारभुत शिक्षा,

माध्यमिक शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न नसक्ने, एकाघरमा सदस्यहरु सरकारी तथा गैर सरकारी संघ संस्थामा नोकरी नभएका परिवारका सदस्यहरुलाई मात्र यस कार्यविधिको अधीनमा रही समितिले तोकेको छात्रवृत्ति रकम उपलब्ध गराइनेछ।

(२) छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरे बमोजिमको छात्रवृत्ति रकम परवानीपुर गाउँपालिकाले सम्बन्धित विद्यार्थीलाई उपलब्ध गराउनेछ।

४. **शैक्षिक छात्रवृत्ति बाँडफाँड गरिनेः** परवानीपुर गाउँपालिकाले निम्नानुसार छात्रवृत्ति बाँडफाँड गर्नेछ,

१. छात्रवृत्तिका लागि आवेदन पेश गर्न परवानीपुर गाउँपालिकाबाट सार्वजनिक सुचना प्रकाशित गर्ने र छात्रवृत्तिका लागि अनुसूची १ बमोजिम प्राप्त आवेदनका आधारमा पालिकाबाट विनियोजित बजेटको अधिनमा रही छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरे बमोजिम छात्रवृत्तिको प्रकार, संख्या र प्रदान गरिने रकम निर्धारण गरी सम्भव भए सम्म सबै वडामा समानुपातिक ढंगले छात्रवृत्ति रकम उपलब्ध गराइनेछ। तर कुनै वडाबाट छात्रवृत्तिका लागि आवेदन पेश नभएमा अन्य वडाहरुमा वितरण गरिनेछ। यसरी उपलब्ध गराईने छात्रवृत्ति रकम वितरण गर्दा निम्न बमोजिमका लाभग्राहीहरुलाई प्राथमिकता दिइनेछः

क. विपन्न वर्गका एकल महिला, द्वन्दपीडित, शहिद परिवार तथा वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारका परिवार र अति विपन्न अन्य परिवारका सदस्यहरु, दैनिक प्रकोपका कारण विस्थापित तथा प्रभावित परिवारका सदस्यहरु,

ख. विपन्न वर्गका आदिवासी, जनजाति, दलित र लोपोन्मुख समुदायका सदस्यहरु,

ग. अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गता भएका अभिभावकका बालबालिकाहरु,

घ. सामुदायिक विद्यालयमा अध्ययनरत सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरु,

ङ. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरु,

च. स्नातक वा स्नातकोत्तर तह तथा प्राविधिक व्यावसायिक शिक्षा अध्ययन गर्ने छोराबुहारीहरु,

छ. अनाथ बालबालिकाहरु।

ज. यस पालिकाका +२ विज्ञान/ प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरु

२. उपदफा (१) बमोजिम बाँडफाँड गरिने छात्रवृत्तिमा लक्षित समुहका लाभग्राहीबाट छात्रवृत्ति माग नभएमा उक्त छात्रवृत्ति माग गर्ने अन्य समुहका लाभग्राहीहरुलाई उपलब्ध गराइनेछ।

३. प्राप्त निवेदनका आधारमा लाभग्राही संख्या यकीन गरी छात्रवृत्ति वितरण गरिनेछ। छात्रवृत्ति रकम वितरण गर्दा तोकिएको मिति भित्र प्राप्त निवेदनका आधारमा वितरण गरिनेछ। एक आर्थिक वर्षमा विभिन्न शीर्षकमा छात्रवृत्ति वापत विनियोजित बजेट रकम समाप्त भए पश्चात त्यो आर्थिक वर्षमा थप लाभग्राहीलाई छात्रवृत्ति रकम उपलब्ध गराइने छैन। यसरी छात्रवृत्ति पाउन छुट भएका लाभग्राहीले अर्को आ.व. मा पुनः निवेदन दिन सक्नेछन्।

४. **शैक्षिक छात्रवृत्ति प्रदान नगरिनेः** परवानीपुर गाउँपालिकाबाट देहायको अवस्थामा लक्षित समुहका लाभग्राहीलाई छात्रवृत्ति प्रदान गरिने छैनः-

क. संघ तथा प्रदेश सरकारबाट वा संघ तथा प्रदेश सरकारलाई प्राप्त भएको अन्य कुनै त्यस्तै शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको विद्यार्थी,

ख. कुनै शिक्षण संस्थाबाट शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको विद्यार्थी,

ग. सामाजिक संघ संस्था वा अन्य कुनै निकाय वा सरोकारवाला वाट शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको व्यक्ति,

घ. कुनै पनि शैक्षिक छात्रवृत्तिका लागि सिफारिस भई पाउने छात्रवृत्ति पाउने पक्का भईसकेको विद्यार्थी,

ङ. कुनै पनि फौजदारी कसुरमा दोषी प्रमाणित भएकोमा,

५. **शैक्षिक छात्रवृत्ति रद्द गरिनेः** देहाय बमोजिमको अवस्थामा समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्ति रद्द गर्न सक्नेछः

क. निवेदनका साथ झुठा विवरणहरु पेश गरेको प्रमाणित भएमा,

ख. छात्रवृत्ति प्राप्त गरेको कक्षाको अध्ययन पूरा नगरेमा वा अध्ययन बिचैमा छाडेमा,

ग. अध्ययन अवधिमा फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

घ. विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण सम्बन्धी कुरा बारम्बार पालना नगरेको भनी सम्बन्धित विद्यालय वा शैक्षिक संस्थाले दफा ७ बमोजिमको समितिलाई लिखित जानकारी गराएमा समितिको निर्णय बमोजिम।

## परिच्छेद-४

## शैक्षिक छात्रवृत्ति व्यवस्थापन समिति र काम कर्तव्य र अधिकार

६. **शैक्षिक छात्रवृत्ति व्यवस्थापन समितिः** छात्रवृत्ति सम्बन्धि कार्यप्रक्रियालाई व्यवस्थित बनाउन तथा यस विषयमा समन्वय एवं व्यवस्थापन समेत गर्नका लागि कार्यपालिका मातहतमा रहने गरी देहाय बमोजिम एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ।

क. गाउँपालिका अध्यक्ष - संयोजक

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. सामाजिक विकास समिति - सदस्य

ङ. गाउँपालिका अध्यक्षले तोकेको वरिष्टतम् समाजसेवी वा शिक्षा विद्हरु मध्येबाट २ जना — सदस्य

च. शिक्षा शाखा प्रमुख - सदस्य सचिव

७. **शैक्षिक छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. शैक्षिक छात्रवृत्तिलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

ख. गाउँपालिकाको निर्णय बमोजिम विभिन्न प्रकारका छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट समेतको विश्लेषण गरी प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने संख्या यकीन गर्ने,

ग. छात्रवृत्ति प्रदान गर्नका लागि समितिको बैठकको निर्णय मार्फत कार्यविधि वमोजिमका कार्यहरुमा आवश्यक प्रकृया तथा कागजात तय गरी सो प्रकृया अवलम्बन मार्फत योग्य लाभग्राही छनौट गर्ने,

घ. छात्रवृत्ति प्रदान गर्ने छनौटका आधारहरु तय गर्ने,
ङ. यस कार्यविधिको उद्देश्य अनुरुपका कार्यहरु गर्न आफ्नो कार्यविधि आफै तय गरी कार्यान्वयन गर्ने र अन्य थप काम गर्न गराउन कार्यपालिकालाई राय उपलब्ध गराउने।

**८. छनौटको लागि सूचना प्रकाशन गर्नेः**

१. समितिले कम्तीमा पन्ध्र दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि इच्छुक योग्य लाभग्राहीबाट प्रत्येक वर्ष दरखास्त आव्हान गरी स्थानीय स्तरमै लाभग्राहीले थाहा पाउने सुनिश्चितता सहित सूचना प्रकाशित गर्नेछ।
२. विशेष अवस्थामा समितिले निर्णय गरी दरखास्त बुझाउने म्याद थप गर्न सक्नेछ। तर निर्णयमा म्याद थप गर्नुपर्नाको कारण सहितको स्पष्ट निर्णय गरिनेछ।
३. उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछः-
क. छात्रवृत्ति प्रदान गरिने समावेशी समूहको छात्रवृत्तिको संख्या,
ख. छात्रवृत्तिमा छनौट गर्ने प्राथमिकताका मुख्य आधारहरु,
ग. दरखास्तको ढाँचा,
घ. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु,
ङ. दरखास्त बुझाउनुपर्ने स्थान,
च. समितिले आवश्यक ठहर्‍याएका अन्य विषयहुरु।
४. उपदफा (३) बमोजिमको सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

**९. दरखास्त दिनुपर्नेः**

१. यस कार्यविधि बमोजिम शैक्षिक छात्रवृत्ति प्राप्त गर्न चाहने लक्षित समूहका इच्छुक लाभग्राहीले दफा (९) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा तोकिएको ढाँचामा छात्रवृत्ति व्यवस्थापन समिति समक्ष दरखास्त दिनुपर्नेछ।
२. तोकिएको अवधि भित्र र प्रकृया पुरा नगरी दरखास्त पेश गर्ने लाभग्राहीले यस कार्यविधि बमोजिमको शैक्षिक छात्रवृत्ति सुविधा पाउने छैनन्।

**१०. शैक्षिक छात्रवृत्तिका लागि योग्यता क्रमको सुची तयार गर्नेः** दफा (९) बमोजिम माग गरिएको सूचना बमोजिम व्यवस्थापन समितिले तोकेको शैक्षिक छात्रवृत्ति वितरणका लागि समितिले सुचना प्रकाश गर्नु पुर्व शैक्षिक छात्रवृत्तिको योग्यता तथा प्राथमिकीकरण सम्बन्धी निर्णय गर्नेछ। संख्या बन्दा बढी दरखास्त प्राप्त भएमा लाभग्राहीहरुको सोही अनुसार छनौट गरिनेछ।

**११. लाभग्राही छनौट गर्नेः**

१. समितिले दफा (११) बमोजिम तयार गरेको अन्तिम योग्यताक्रमको सूचीका आधारमा छनौटको सिफारिस विवरण सार्वजनिक समेत गर्नुपर्नेछ।
२. उपदफा (१) बमोजिम अन्तिम योग्यताक्रमको सूची छनौटको सिफारिस गर्दा समितिले कम्तीमा बीस प्रतिशत सम्म बैकल्पिक योग्यताक्रमको सूचीको विवरण समेत प्रकाशित गर्नुपर्नेछ।
३. उपदफा (२) बमोजिमको योग्यताक्रमको सूची सार्वजनिक गरेको जानकारी सम्बन्धित विद्यालय वा शैक्षिक संस्थालाई समेत दिनुपर्नेछ।

४. नतिजा प्रकाशन गर्दा दरखास्त दिने सम्पूर्ण लाभग्राहीहरुको योग्यताक्रमको सुची पालिकाको वेभसाइट बाट समेत प्रकाशन गर्नेछ।

**१२. कबुलियतनामा गर्नुपर्नेः**

१. दफा ११ बमोजिम छात्रवृत्तिको लागि लाभग्राही छनौट भएका लाभग्राही र सम्बन्धित परिवारको मुख्य अभिभावकले छनौटको अन्तिम सूची प्रकाशन भएको मितिले सात दिन भित्र समितिबाट निर्धारित ढाँचामा तीन प्रति कबुलियतनामा गर्नुपर्नेछ। यस्तो कबुलियतनामा भर्ना भएको कक्षमा कम्तिमा एक शैक्षिक सत्रको अध्ययन पुरा गरि वार्षिक परीक्षामा भाग लिनुपर्ने छ भनी उल्लेख गरिनेछ। कबुलियतनामाको अन्य आवश्यक विवरण समितिले थप गर्न सक्नेछ। तर शैक्षिक छात्रवृत्तिकै कारण विद्यार्थीलाई थप बोझ हुनेगरी भने कुनै पनि व्यवस्था गरिने छैन।

२. उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरेमा, अन्य संस्था वा निकायबाट सोही अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेकोमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको भएमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

३. उपदफा (१) बमोजिम गरिएको कबुलियतनामाको एक एक प्रति समिति, सम्बन्धित बिधालय वा शैक्षिक संस्था र सम्बन्धित लाभग्राही एबम,अभिभावक समेतलाई उपलब्ध गराईनेछ ।

**१३. बैकल्पिक योग्यताक्रमको सुचिमा परेको उमेदवारलाई छात्रबृति प्रदान गर्न सकिने छः**

१. छात्रवृत्तिको लागी छनोट भएको लाभग्राहीले त्यस्तो छात्रबृति लिन नचाहेमा वा दफा १३ बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो लाभग्राहीले दफा (६) को अवस्था भई छात्रबृति प्राप्त गर्न नसक्ने भएमा बैकल्पिक योग्यताक्रमको सुचीमा नाम समाबेश भएमा उमेदवारलाई योग्यताक्रम अनुसार सोही शैक्षक सत्र बर्ष भित्र समाबेश गरी छात्रबृति प्रदान गर्न सकिनेछ।

२. दफा (१) बमोजिम छात्रबृति पाउन योग्य वैकल्पिक लाभग्रही उम्मेदवारले छात्रबृति प्रदान गरिने सम्बन्धी सुचना प्रकाशन भएको मितिले पाँच दिन भित्रमा दफा १३ बमोजिमको कबुलियतनामा गरी सक्नुपर्नेछ।

३. गाउँपालिकाले शैक्षिक छात्रबृति बढाउन सकिने गरी निर्णय गरी थप बजेटको व्यवस्था गरिएकोमा शैक्षिक छात्रबृति व्यवस्थापन समितिले बैकल्पिक योग्यताक्रममा रहेका बिधार्थीहरुका लागी समेत छात्रबृति उपलब्ध गराउन सक्नेछ।

**१४. अभिलेख राख्नेः**

समितिले छात्रबृति उपलब्ध गराईएका लाभग्राहीहरुको विवरण अधावधिक गरी राख्नुपर्नेछ । यस्तो अधावधिक विवरण कार्यपालिका, सम्बन्धित वाडा कार्यालय, शिक्षा शखा र सम्बन्धित शैक्षिक संस्थाहरुलाई उपलब्ध गराउनुपर्नेछ। सो अधावधिक विवरण सार्बजनिक समेत गर्नुपर्नेछ।

**१५. छात्रवृत्तिको रकम भुक्रानीः-**

दफा ११ बमोजिम छात्रबृतिको लागी छनोट भई दफा १२ बमोजिम कबुलियतनामा गरेपछि छात्रबृतिको रुपमा प्रदान गरिने रकम गाउँपालिका बाट सम्बन्धित छात्रबृति शीर्षकमा विनियोजित बजेट शीर्षकबाट कार्यपालिकाको कार्यालयले सम्बन्धित बिधार्थी, बिधालय वा शैक्षिक संस्थालाई पटक पटक वा एकमुष्ट रुपमा रकम भुक्तानी गर्नेछ । पटक पटक वा एकमुष्ट रुपमा रकम भुक्तानी गर्ने भन्ने सम्बन्धमा समितिको निर्णय अनुसार हुनेछ।

**१६. विद्यालय वा शैक्षिक संस्था परिवर्तन गर्न नपाउनेः**

छात्रबृतिमा छनौट भई अध्ययन गरिरहेको लाभग्राहीले कम्तिमा एक शैक्षिक सत्र भित्र अध्ययन गरिरहेको बिधालय वा शैक्षिक संस्था परिर्वतन गर्न पाउने छैनन।

**१७. जानकारी गराउनुपर्नेः**

यस कार्यबिधि बमोजिम छात्रबृधि प्राप्त गर्ने लाभगर्हीले छात्रबृति प्राप्त गरेको शैक्षक सत्रको सबै परिक्षाहरुमा भाग लिएको वा नलिएको बिषयमा सम्बन्धित बिधालय वा शेक्षिक संस्थले गाउँ कार्यपालिका, शिक्षा, समिति, शिक्षा शाखा वा वाडा कार्यालयलाई लिखित जानकारी गराउनुपर्नेछ।

**१८. पुनः छात्रवृत्तिमा छनौट गर्न नसकिनेः**

छात्रबृतिमा छनौट भएको कुनै लाभग्रहीले छात्रबृति प्राप्त गरेको कक्षामा अध्ययन नगरेको अवस्थामा वा अध्ययन पुरा नगरी छडेमा वा यस कार्यबिधिमा तोकिए बमोजिमको अन्य शर्तहरु पुरा नगरेमा गउँपालिकाबाट प्रदान गरिने छात्रबृतिमा पुनः सोही ब्यक्तिलाई छनौट गरिने छैन । तर, काबु बाहिरको कारण वा विशेष परिस्थतीले अध्ययन छाडेको भन्ने प्रमाण सहित पेश गरेमा पुनः छात्रबृती पाउने वा नपाउने विषय समितिको निर्णय बमोजिम हुनेछ।

**१९. प्रतिवेदन पेश गर्नेः**

प्रत्येक वर्ष प्रदान गरिएका छात्रबृतीको विवरण, छात्रबृती प्राप्त गरी अध्ययन गर्ने लाभग्रहीहरुको अवस्था, रकमको अवस्था,छात्रबृतिको प्रभावकारिता तथा यसको उपलब्धि मुलयाँकन, छात्रबृति कार्यान्वयनमा रहेका समस्याहरु र समाधानका उपायहरु सहितको प्रतिबेदन समितिले कार्यपालिकामा पेश गर्नु पर्नेछ। कार्यपालिकाले यसरी पेश हुनआएको प्रतिबेदन गाउँसभामा समेत पेश गरी सार्बजनिक गर्नुपर्नेछ।

## परिच्छेद-४

## विविध

**२०. उजुरी सुनुवाई समितिः**

१. लाभग्राही उम्मेदवार छनौट सम्बन्धी समितिको निर्णयमा चित्त नबुझ्ने उम्मेदवार वा निजका परिवारले समितिको सिफारिस गर्ने निर्णय सार्वजनिक भएको मितिले सात दिन भित्र ठोस आधार प्रमाण सहित सुनुवाई समितिमा उजुरी निवेदन दिन सक्नेछ।

२. उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकामा देहायको उजुरी सुनुवाई समिति रहनेछ-

| | |
|---|---|
| क. गाउँपालिकाको अध्यक्ष | - संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग. सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |

३. उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याम समाप्त भएको मितिले पाँच दिन भित्रमा उपदफा (२) बमोजिमको समितिले निर्णय दिनुपर्नेछ र सो निर्णयमा चित्त नबुझेमा सम्बन्धित प्रचलित कानुन बमोजिम माथिल्लो निकायमा जान सक्नेछन्।

**२१. बाधा अड्काउ फुकाउन सक्नेः**

यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा दिबिधा वा बाधा अडचन परेमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ।

## अनुसुची १

## शैक्षिक छात्रबृतिका लागि परवानिपुर गाउँपालिका मा पेश गर्ने आबेदन

मिति.................

श्री गाउँपालिका अध्यक्ष ज्यु,

परवानीपुर गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

लिपनीमाल, बारा।

बिषयः- शैक्षिक छात्रबृती सम्बन्धमा।

उपरोक्त सम्बन्धमा म निबेदक परवानीपुर गाउँपालिका वडा नं......... बस्ने श्री......................
..................................................को छोरा\ छोरी\ श्रीमती..............................................
हाल ....................................................... कलेज\ बिश्व बिधालयमा .......................................
बिषयको..................................................तहमा अध्ययन गरिरहेको हुँदा ................................
शीर्षकको शैक्षक छात्रबृतिका लागि देहायका कागजात यसैसाथ संलगन राखी यो निबेदन पेश गरेको छु।

क. निबेदकको नागरिकताको प्रतिलिपि\जन्मदर्ताको प्रमाणपत्र।

ख. निबेदकको सक्कल शैक्षिक प्रमाण पत्र\ लब्धाङ्कपत्र/ चारित्रिक प्रमाण पत्रको प्रतिलिपि र एक प्रती फोटो।

ग. सम्बन्धित वडाको स्थायी बासिन्दा भएको प्रमाणित गर्ने वडाको सिफारिस-पत्र।

घ. नाबालकको हकमा परिवारका सदस्यको नागरिकताको प्रतिलिपि।

ङ. सम्बन्धित बिद्यालय तथा शैक्षिक संस्थाको सिफारिस-पत्र।

च. स्वघोषणा-पत्र ।

निबेदक नामः-........................................

ठेगानाः-................................................

हस्ताक्षर

सम्पर्क न.- ........................

प्रमाणीकरण मितिः-